म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ३० शुक्रबार, १३ भदौ २०८२ ने. सं. ११४५ ञलाथ्व 29 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती प्रदेशसभा बैठक भदौ १५ गते बस्ने

हेटौंडा, १२ भदौ/बागमती प्रदेशसभा बैठक भदौ १५ गते बस्ने भएको छ । प्रदेशसभा सचिवालय हेटौंडाले सूचना जारी गर्दै भदौ १५ गते दिउँसो २ बजेका लागि बैठक आह्वान गरेको जनाएको छ । प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जीले शुक्रबार जारी गरेको सूचनामा बैठकको समय निर्धारण भएको उल्लेख गरिएको छ । प्रदेशसभाको छैटौँ अधिवेशनअन्तर्गत बाह्रौँ बैठक प्रदेशसभा नियमावली, २०७४ को नियम ६ बमोजिम आह्वान गरिएको सचिवालयले जनाएको छ । बैठकमा प्रदेश मामिला समितिमा विचाराधीन अवस्था रहेको २ विधेयकको प्रतिवेदन पेस हुने कार्यसूची रहेको सभामुख भुवनकुमार पाठकले जानकारी दिए । सभामुख पाठकका अनुसार बैठकमा प्रदेश चिठ्ठा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको समितिको प्रतिवेदन पेस हुनेछ । बैठकमा विशेष समय र शून्य समयको कार्यसूची रहने सभामुख पाठकले बताए ।

### मुख्यमन्त्रीको प्रतिबद्धता: बरु विकासे योजनालाई रोक्छौँ तर, स्वास्थ्यमा बजेट कमी हुन दिँदैनौ

# 'हेटौंडा अस्पतालको सुधार भएपनि सन्तोषजनक भएन'

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले विकासनिर्माणको योजनालाई रोकेर भएपनि स्वास्थ्यक्षेत्रमा बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर कार्य गरिरहेको उनको भनाई छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आयोजनामा बिहीबार भएको अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री बानियाँले बजेट अभावकै कारण स्वास्थ्यक्षेत्रसँग सम्बन्धित कार्य नरोकिने बताए । प्रतिष्ठानको कुलपति समेत रहेका मुख्यमन्त्री बानियाँले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रलाई प्रदेश सरकारले गम्भीर तापूर्वक लिएको दाबी गरे । डोर मणि पौडेल मुख्यमन्त्री र आफू प्रमुख प्रतिपक्षी दलको नेता हुँदा प्रदेशसभाबाट सर्वसम्मतरुपमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन पारित भएको स्मरण गर्दै स्वास्थ्यक्षेत्रमा राजनीति गर्न नहुने उनले बताए ।

उनले प्रदेशकै गौरवको योजनाका रुपमा रहेको प्रतिष्ठानलाई द्रुतगतिमा अघि बढाउनुपर्नेमा जोड दिए । मुख्यमन्त्री बानियाँले प्रतिष्ठानका छरिएर रहेका शैक्षिक कार्यक्रमलाई एकै छानामुनि, एकीकृत भवनबाट सञ्चालन गर्न आग्रह गरेका छन् । यसका लागि आवश्यक भौतिक संरचना निर्माणमा प्रदेश सरकारले पूर्णसहयोग गर्ने उनले प्रतिवद्धता जनाए । मुख्यमन्त्री बानियाँले स्वीकृत भएको २ सय शैयाको अस्पताल सञ्चालनका लागि आवश्यक तयारी तत्काल सुरु गर्न निर्देशन दिए ।



निर्माणाधीन बेसिक साइन्स भवनको काममा भएको ढिलासुस्तीप्रति चासो व्यक्त गर्दै मुख्यमन्त्री बानियाँले तोकिएको समयमा र सम्झौताअनुसार काम नगर्ने निर्माण कम्पनीलाई कानूनअनुसार कडा कारबाही गरिने चेतावनी समेत दिए । त्यसैगरी प्रतिष्ठानका संस्थापक कुलपति एवम् प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले प्रतिष्ठानलाई लिएर कुनै पनि राजनीतिक विवाद नरहेको दाबी गरे । उनले प्रतिष्ठानमा एमबिबिएस र एमडी कार्यक्रम ल्याउनका लागि सबैको सामूहिक प्रयास अतुलनीय रहेको बताए । उनले बहानाबाजी गरेर प्रतिष्ठानको साख गिराउने कार्य कसैले पनि नगर्न सम्बन्धित सबै पक्षलाई आग्रह गरे ।

प्रतिष्ठानका उपकुलपति डा. प्रदीपराज ज्ञवालीले प्रतिष्ठानको २५ वर्षे विकास योजना, मेडिकल विश्वविद्यालय स्थापना, नियमावली संशोधन, सेवा आयोग गठन, र अस्पतालको जग्गा संरक्षणलगायत अल्पकालीन तथा दीर्घकालीन योजनाबारे जानकारी दिएका थिए । अन्तरक्रियामा स्वास्यमन्त्री किरण थापा, नेकपा एमालेका प्रमुखसचेतक एकालाल श्रेष्ठ, प्रतिष्ठानका रजिस्ट्रार एवम् हेटौंडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष भीमसागर गुरागाईँलगायतको उपस्थिति थियो ।

हाल प्रतिष्ठानमा बि.फार्मेसी, ल्याब मेडिसिन, बिपिएच र बीएस्सी नर्सिङ जस्ता स्नातक तहमा ३ सय ५८ जना विद्यार्थी अध्ययनरत छन् । यसै शैक्षिक सत्रदेखि चिकित्सा शिक्षा आयोगबाट एमबीबीएस कार्यक्रमका लागि ५० सिटको थप स्वीकृति प्राप्त भएको छ । प्रतिष्ठानमा एमडी तहमा ७ विभिन्न विषयमा ८ जना विद्यार्थी अध्ययनरत छन् ।

**मुख्यमन्त्री बानियाँद्वारा हेटौंडा अस्पतालको अवलोकन**

बिहिबार नै मुख्यमन्त्री बानियाँले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालित हेटौंडा अस्पतालको निरीक्षण गरेका छन् ।

मुख्यमन्त्री बानियाँ, स्वास्थ्यमन्त्री किरण थापाले प्रयोगशाला (ल्याव), निर्माणाधीन मोड्युलर अपरेसन कक्ष, निर्माणाधीन नवजातशिशु सघन उपचार कक्ष (एनआईसीयू), एमडी कार्यक्रम सञ्चालन भइरहेका कक्षाकोठा तथा अन्तिम चरणमा पुगेको २ सय शैयाको नयाँ भवनको निरीक्षण गरेका हुन् । मुख्यमन्त्री बानियाँले प्रदेश सरकारको लगानीमा अध्ययनरत एमडी चिकित्सकलाई अध्ययनपश्चात् प्रदेशकै विभिन्न अस्पतालमा परिचालन गर्नुपर्नेमा जोड दिए । प्रदेश सरकारले गरेको लगानीको प्रतिफल प्रदेशले नै पाउनुपर्ने उनको धारणा छ ।

हाल प्रतिष्ठानले प्रदेश सरकारको लगानीमा सात विषयमा आठ जना एमडी चिकित्सकलाई अध्ययन गराइरहेको छ । मुख्यमन्त्री बानियाँले स्वास्थ्य संस्थामा देखिएको जनशक्ति अभावलाई विद्यालय नर्समार्फत् परिपूर्ति गर्नुपर्ने बताए । विद्यालय नर्स कार्यक्रम प्रभावकारी नभएकाले त्यसलाई खारेज गरी त्यहाँ कार्यरत जनशक्तिलाई स्वास्थ्य संस्थामा खटाउनुपर्ने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले विगतको तुलनामा अस्पतालको सेवाप्रवाहमा केही सुधार भएपनि सन्तोषजनक भने अझै नभएको बताए ।

सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन उनले अस्पतालका मेसु लगायत चिकित्सकलाई निर्देशन दिए । प्रतिष्ठानका रजिस्ट्रार तथा हेटौंडा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष गुरागाईले अस्पतालको समग्र अवस्थाबारे जानकारी गराएका थिए । हाल हेटौंडा अस्पतालले दैनिक बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म ओपिडी सेवा सञ्चालन गर्दै आएको छ । अवलोकनमा प्रतिष्ठानका उपकुलपति डा. ज्ञवाली, अस्पतालका मेसु डा. रामचन्द्र सापकोटा, अस्पतालमा कार्यरत चिकित्सकलगायतको उपस्थिति रहेको थियो ।

# टिभिएसप्रति बढ्दो आकर्षण, विशेष एक्सचेञ्ज शुक्रबारसम्म

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ हेटौंडामा टिभिएसको मोटरसाइकल र स्कुटरप्रति ग्राहकको आकर्षण बढेको छ । टिभिएसको नेपालका लागि आधिकारिक बितरक जगदम्बा मोटर्स प्रालिले हेटौंडा अटोमार्टसँगको समन्वयमा हेटौंडामा सञ्चालन भइरहेको विशेष एक्सचेञ्ज म्यानियामा ग्राहकको आकर्षण बढेको हो ।

आईतबारदेखि हेटौंडाको कफिबार अगाडि सञ्चालन भइरहेको विशेष एक्सचेञ्ज म्यानियामा लक्ष्य अनुसार सवारीसाधनको खरिद बिक्री भइरहेको हेटौंडा अटोमार्टका सञ्चालक प्रवेशराज बरुवालले बताए । उनले विशेष एक्सचेञ्ज म्यानिया असोज १३ गते शुक्रबारसम्म सञ्चालन हुने बताए । एक्सचेन्ज म्यानियामा सबैभन्दा बढी एन्टर्क स्कुटरको बिक्री भएको त्यसपछि अपाचे (१६०), सिसि र रोनिन (२२५ सिसि) प्रति ग्राहकको आकर्षण रहेको बरुवालले बताए ।

एक्सचेन्ज म्यानियामा जुनसुकै कम्पनीको पुरानो मोटर साइकलसँग टिभिएसको मोटरसाइकल र स्कुटर एक्सचेञ्ज गर्न सकिने जगदम्बाले जनाएको छ । एक्सचेञ्ज म्यानियामा जुनसुकै पुरानो मोटर साइकलको कम्तिमा ३० हजार




मूल्यांकन र १० हजार थप मूल्यांकन सहित मोटरसाइकल तथा स्कुटर खरिदमा कम्तिमा ८ हजार छुटका साथै शून्य प्रतिशत ब्याजदरमा किस्ताबन्दी सुबिधा रहेको हेटौंडा अटो मार्टले जनाएको छ । विशेष एक्सचेञ्ज म्यानिया कार्यक्रम अन्तर गत मोटरसाइकल वा स्कुटर खरिद गर्नेलाई हेलमेट, बाइक कभर, ल्यापटप ब्याग निशुल्क उपलब्ध गराइनुका साथै सवारीसाधनको लाईफटाईम वारेन्टीको ब्यवस्था रहेका हेटौंडा अटोमार्टका अर्का सञ्चालक कञ्चन बुढाथोकीले बताए ।

टिभिएसको विशेष एक्सचेञ्ज म्यानिया कार्यक्रममा केही नयाँ मोडलहरु सार्वजनिक हुँदैछन् । जसअन्तरगत रोनिन अनलिमिटेड मोर्डन, मिडनाइट ब्लु रंगको मोटर साइकलको बुकिङ खुल्ला गरेको छ । जसको मूल्य ४ लाख ५९ हजार ९०० रहेको हेटौंडा अटोमार्टले जनाएको छ । यसैगरी एन्टर्क स्कुटर दुई नयाँ रंगमा उपलब्ध रहेको अटोमार्टले जनाएको छ । फिरोजी नीलो (समुन्द्री नीलो) र नार्डो खैरो रंगमा उपलब्ध स्कुटरको मूल्य २ लाख ८२ हजार ९०० रहेको छ ।

त्यस्तै ६० किलोमिटर माइलेज भएको जुपिटर ११० सिसिको स्कुटर पनि एक्सचेन्ज क्याम्पमै उपलब्ध हुने अटो मार्टले जनाएको छ । जसको मूल्य २ लाख ५७ हजार ९०० रुपैयाँ रहेको टिभिएसले जनाएको छ । टिभिएसले ग्राहकहरुको सहजताको लागि नागरिकताको प्रमाणपत्र र लाइसेन्सको आधारमा सरल किस्ताबन्दी सुविधा उपलब्ध गराएको छ ।

### बागमती प्रदेश सुरक्षा समिति बैठकको निर्णय:

# विपद्को पूर्वतयारीसहित प्रतिकार्यमा जुट्न निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ बागमती प्रदेश सुरक्षा समितिले विपद्को पूर्वतयारी तथा प्रतिकार्यको लागि तयारी अवस्थामा रहन उच्चस्तरीय एकीकृत संयन्त्र र सुरक्षा निकायलाई निर्देशन दिएको छ ।

बिहीबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीको अध्यक्षता एवम् मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको विशेष उपस्थितिमा बसेको बैठकले सुरक्षाका सम्पूर्ण निकायलाई पूर्व तयारीसहित प्रतिकार्यमा जुट्न निर्देशन दिएको हो । बैठकले शान्तिसुरक्षाको दृष्टिले प्रदेशभर अवैधरुपमा रहेका हातहतियार नियन्त्रणमा ल्याउन अभियान सञ्चालन गर्ने निर्णय पनि गरेको छ । यसका लागि बागमती प्रदेशअन्तर्गतका सबै जिल्ला प्रशासन कार्यालयलाई आवश्यक सूचना जारी गरी कानूनी प्रक्रिया अघि बढाउन लेखी पठाइनेछ ।

यस्तै, लागूऔषध दुरुपयोग नियन्त्रणलाई प्राथमिकतामा राख्दै गाँजा, चरेश र अफिम अत्याधिक हुने क्षेत्रलाई लक्षित गरी विद्यालयस्तरदेखि स्थानीय समुदायसम्म जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको



छ । यसका लागि स्थानीय तहहरुसँग सहकार्य र समन्वय गर्ने समितिको निर्णय छ । आगामी दशैं, तिहार, छठलगायत प्रमुख पर्वलाई लक्षित गर्दै जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सुरक्षाकर्मीलाई विशेष सतर्कता अपनाउन निर्देशन दिइएको छ । चाडबाडका अवसरमा हुने भीडभाड, यात्रु आवागमन र बजार व्यवस्थापनमा विशेष ध्यान दिने व्यवस्था मिलाइने समितिले जनाएको छ ।

त्यसैगरी, सामाजिक सञ्जालमार्फत नियोजितरुपमा भ्रम फैलाउने, जातीय वा धार्मिक सद्भाव खलल गर्ने, समाजमा द्वन्द्वको अवस्था सिर्जना गर्ने गतिविधिमाथि निरन्तर निगरानी र विश्लेषण गर्ने निर्णय पनि बैठकले गरेको छ । यस्तो गतिविधि गर्ने व्यक्तिलाई प्रचलित कानुनअनुसार कारबाहीको दायरामा ल्याउन बागमती प्रदेश प्रहरी कार्यालयलाई निर्देशन दिइएको छ । बैठकमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धानका प्रादेशिक कार्यालयहरुले प्रदेशको समग्र शान्तिसुरक्षाको अवस्थाबारे बिफ्रिङ गरेको थिए ।

बैठकमा नेपाली सेनाको मध्यपृतना मुख्यालयका पृतनापति हरेन्द्र पाठक, प्रदेश प्रहरी कार्यालयका प्रहरी नायवमहानिरीक्षक अरुण पौडेल, सशस्त्र प्रहरी बल नेपाल नं. गढीमाई बाहिनी मुख्यालयका नायवमहानिरीक्षक अन्जनीकुमार पोखरेल, राष्ट्रिंय अनुसन्धान बागमती प्रदेश कार्यालयका अनुसन्धान निर्देशक संजयकुमार यादव, आन्तरिक मामिला तथा कानून मन्त्रालय शान्ति सुरक्षा महाशाखा अधिकृत पदम ओझा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुखसचिव भुपाल बराललगायतको उपस्थिति रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# आन्दोलनको लहर

विद्यालय शिक्षा विधेयक सच्याउन माग गर्दै नेपाल शिक्षक महासंघले सडक आन्दोलनको चेतावनी दिएको छ । महासंघ र सरकारबीच विगतमा भएका सहमतिअनुसार शिक्षा विधेयक सच्याउन माग गर्दै महासंघले पहिलो चरणको आन्दोलनअन्तर्गत काँग्रेस पार्टी कार्यालयमा धर्नामा बसेको हो । उखुको अनुदान भुक्तानीको माग राखी आन्दोलनमा उत्रेका उखु किसानले आन्दोलन जारी राखेका छन् । किसानले काठमाडौंको माइतीघरमा आइतवार देखि सुरु गरेको आन्दोलनलाई बुधवार पनि निरन्तरता दिएका हुन् । सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट देवनागिरी लिपिमा हुनुपर्ने भन्दै काठमाडौंमा प्रदर्शन गरिएको छ । बुधबार जाग नेपाली समूहले बानेश्वरमा नेपाली भाषा र लिपि मेट्न नपाइने भन्दै प्रदर्शन गरेको हो । उनीहरुले देवनागिरी लिपिको रक्षा गर्नुपर्ने बताएका छन् । लोकतन्त्रमा सबैले आफ्नो माग राख्न पाउँछ र राख्नु पनि पर्छ । सरकार संचालन गर्ने ब्यक्तिको कुटनीतिक समझदारी भएन भने आन्दोलनको ज्वारभाटा सृजना हुन सक्छ र आन्दोलनले सरकार परिवर्तन पनि हुन्छ ।

संसदीय समितिबाट पारित भएर प्रतिनिधिसभामा पुगेको शिक्षा विधेयकमा महासंघका माग सम्बोधन गर्न दबाब दिनको लागि आफूहरु आन्दोलनमा उत्रिएको महासंघले जनाएको छ । सार्वजनिक शिक्षालाई उन्नत गराउनको लागि शिक्षक कर्मचारी र नेपाल शिक्षक महासंघले राखेका माग सम्बोधन गर्नुको विकल्प नरहेको महासंघले बताएको छ । कक्षाकोठामा विद्यार्थी पढाउन छोडेर शिक्षक सडकमा उत्रिएपछि परिस्थिति भयावह बन्न सक्छ । निजी विद्यालयले पनि केहीदिन भित्रै आन्दोलनमा उत्रने तयारी गरि रहेको अवस्था छ । निजामती कर्मचारीले पनि बिधेयककै कारण आन्दोलनमा उत्रने सम्भावना देखिएको छ । शिक्षक महासंघले भदौ २० सम्म धर्ना जारी राख्ने भएको छ । भदौ १३ गते देशभरका स्थानीय तहमा, भदौ १५ गते जिल्ला शिक्षा इकाईमा धर्ना दिने कार्यक्रम रहेको छ । २० गतेसम्म माग पूरा नभए भदौ २१ गते नयाँ आन्दोलनका कार्यक्रम घोषणा गर्ने बताइएको छ । देशभरका गाउँपालिका तथा नगरपालिकामा यही भदौ १३ गते धर्ना हुँदैछ । १५ गते जिल्लाको समन्व इकाईमा धर्ना दिने कार्यक्रम छ । संघीय संसदको प्रतिनिधिसभा र राष्ट्रियसभाबाट विगतमा भएको सहमतिअनुसार विधेयक सच्याउन महासंघले माग गरेको छ । उखु उत्पादन महासंघ नेपालले आर्थिक वर्ष २०८१/८२ मा सरकारले तोकेको प्रतिक्वीन्टल ७० रुपैयाँका दरले अनुदान भुक्तानी पाउनुपर्ने आफूहरुको मुख्य माग रहेको बताएको छ ।

गतवर्ष सरकारले उखुको मूल्य प्रतिक्वीन्टल ६ सय ५५ रुपैयाँ तोकेको थियो । यो रकममध्ये उद्योगले ५ सय ८५ रुपैयाँ र सरकारले ७० रुपैयाँ अनुदान किसानलाई दिनुपर्ने छ । तर, सरकारले ७० रुपैयाँ अनुदान दिएन । सरकारले आर्थिक अभाव देखाएर उखु किसानको अनुदानलाई आधा कटौती गरेको छ । प्रतिक्वीन्टल ३५ रुपैयाँले किसानलाई अनुदान उपलब्ध गराउनेगरी अर्थ मन्त्रालयले मंगलवार ७५ करोड ४९ लाख ३८ हजार रुपैयाँ निकासा गरेपछि यो रकममा किसानले चित्त बुझाएका छैनन् । इम्बोस्ड नं. प्लेटेको विषयमा नेपाली भाषाविद्ले देवनागरी लिपिमा लेख्नुको साटो अंग्रेजीलाई प्रश्रय दिने काम गरिएको आरोप लगाएका छन् । उनीहरुको प्रश्न छ, 'नेपालमा गुड्ने सवारीमा अंग्रेजी भाषा किन ?' देवनागरी लिपिमा नलेखेर नेपाली भाषालाई समाप्त पार्न खोजिएको भाषाविद्को आरोप छ । इम्बोस्ड नम्बर प्लेट जडान गर्दा अंग्रेजी भाषामोह नेपाली समाजको नभइ विदेशीको भएको तर्क भाषाबिद्को हो । नेपाली सावारी साधन कुनैपनि विदेशी भूमिमा गुडाइँदैन । नेपालमा गुडाउने सवारी साधनलाई अंग्रेजी नम्बर प्लेट राखेर नेपाललाई उपनिवेश बनाउन खोजिएको आरोप लगाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १४ गते शनिबार ३० अगष्ट २०२५ । सप्तमी, भाद्र कृष्णपक्ष । ञलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४२, सूर्यास्त ६:२५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद बढ्न सक्नेछ | तुला | : शुभ समाचार सुन्न पाइनेछ |
| वृष | : उत्साह कम हुनेछ | वृश्चिक | : मान सम्मान पाउन सकिनेछ |
| मिथुन | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | धनु | : मन खिन्न हुन सक्नेछ |
| कर्कट | : उदर-विकार हुन सक्नेछ | मकर | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| सिंह | : परिवारमा उन्नति हुनेछ | कुम्भ | : राजनीतिमा सफलता मिल्नेछ |
| कन्या | : काममा रोकावट आउन सक्नेछ | मीन | : काममा विलम्ब हुनेछ |

# असफल नेतृत्वको रजगजले निराश नयाँ पुस्ता



कृष्णबाबु श्रेष्ठ

'एकसाथ यति धेरै मानिस निराश भएको विगतमा कहिल्यै अनुभव गरिएको थिएन ।' आम मानिस मात्र होइनन्, केही वर्षयता यस्ता अभिव्यक्ति शासन चलाइरहेकै दलका कतिपय नेताबाट पनि आइरहेका छन् । निराशाको ग्राफ घट्नु साटो वर्षेनि बढ्दो छ । सबैभन्दा बढी निराश जनसंख्याको ठूलो हिस्सा ओगटेको र सन् १९९० पछि जन्मे-हुर्केको नयाँ पुस्ता देखिन्छ । कतिपय अध्ययनका तथ्याङ्कले स्वदेशमा सुखद् भविष्य नदेखेर यो पुस्ता निराश भएको देखाउँछ । कतिपयले यसलाई अतिरञ्जना त कतिले उमेर जन्य आवेग भनेको टिप्पणी पनि सुनिएकै हो । कारण र तर्क जेसुकै दिइए पनि यो पक्का हो नयाँ पुस्तामा निराशा बढ्दो छ । नयाँ पुस्ता मात्र होइन, राजनीतिलाई सेवाको माध्यम बनाउने सोच सहित विभिन्न पार्टीमा क्रियाशील रहेकाहरू समेत ब्याकफुटमा देखिन्छन् । त्यसैले यो गम्भीर समस्या बनेको छ ।

नयाँ पुस्ता अवसरहरूको तलाउमा पौडन पाइरहेको भाग्यमानी पुस्ता हो । प्रविधिको द्रुततर विस्तार, खुल्ला समाज र विश्वव्यापीकरणको बढ्दो लहरसँगै हुर्किरहेको यो पुस्ताको सिकाइको पहुँच, स्कूल, कलेजको दायरा समेत नाघेर देश-देशावर वा विश्व-परिवेशमा उपलब्ध मञ्चहरूसम्म पुगेको हुन्छ । देशमा विद्यमान खुल्ला परिवेशको फाइदा उठाउँदै आफ्नो वृत्तिविकास र ज्ञानको पहुँचलाई असीमित बनाउने भरपूर अवसर समेत उपभोग गरिरहेको छ यो पुस्ताले । यस अतिरिक्त सामाजिक सञ्जालमा जोडिएर संसारभरिका समवयीसँग हातेमालो र अन्तरक्रिया गर्ने अवसर पनि पाइरहेको छ । त्यसैले यो मान्नुपर्छ कि उन्नत विश्व-परिवेश र प्राप्त अवसरका कारण उनीहरूको ज्ञान र सिकाइको दायरा तुलनात्मक रूपमा निकै फराकिलो छ । विश्वमा विकसित भैरहेको नयाँ आर्थिक राजनीतिक घटनाक्रमहरूबारे समेत यथेष्ट जानकारी राख्दछ यो पुस्ता । तर पनि उनीहरू निराश छन्, किन ?

बढ्दो निराशाका पछाडि मुख्यत: आन्तरिक कारणहरू छन् । सबैलाई थाहा भएकै कुरा होह देशमा रोजगारीको अवसर सीमित छ । रोजगारी मिलिहाले पनि त्यसबाट प्राप्त आम्दानीले दैनिक गुजाराका लागि समेत धौ-धौ हुने अवस्था छ । परिवारलाई आवश्यक सहयोग पुऱ्याउने र आफ्नै बलबुतामा घर बसाउने कुरा त ठूलै चुनौतीको कुरा भयो । आफ्नै निजी प्रयासमा केही व्यावसायिक वा सिर्जनात्मक जगेर्नाको काम थालौं न त भन्ने हो भने पनि पाइला-पाइलामा प्रशासनिक अड्चन लगायत अनेक खालका प्रतिकूलताको सामना गर्नुपर्ने अवस्था रहेको वास्तविकता भुक्तभोगीहरू बताउने गर्छन् ।

अर्कोतिर, राजनीतिको मूलधारमा उनीहरूको सक्रिय सहभागितालाई सुनियोजित रूपमा बेवास्ता गरिएको छ । नयाँ पुस्तालाई आकर्षित गर्ने नवीन कार्यक्रम कुनै पनि मूलधारका दलसँग छैन । बरु हरेक दलभित्र झाङ्गिँदै गएको भ्रष्ट, नैतिकहीन एवं विधिविहीन संस्कृतिले तीव्र विकर्षणको वातावरण तयार हुँदैछ भन्दा अत्युक्ति नहोला । हामी अनुमान गर्न सक्छौं यस्तोमा उनीहरू आफ्नो भविष्यप्रति कसरी ढुक्क हुने वा खुशी रहने ?

निराशाका कारकका रूपमा बाह्य कारणहरू पनि उत्तिकै पेचिलो रूपमा अगाडि आइरहेको देखिन्छ । जस्तो आर्थिक व्यवस्था विश्वव्यापी रूपमा असन्तुलित हुँदै गइरहेको हामीले भोगिरहेका छौं । जलवायु परिवर्तनको तीव्रताले सन्निकट भविष्यमा उत्पन्न हुनसक्ने भयावह सङ्कटको चपेटामा उनीहरू नै पर्नेछन् । यति नै बेला अप्रत्याशित रूपमा युद्ध भड्किएर क्रमश: फैलने क्रममा छ । युद्धको रापको प्रभाव विश्वको हरेक कुनाका मानिसहरूले विभिन्न तरिकाले भोगिरहेका छन् । यसका अलावा सामाजिक सञ्जालमा हरदम संलग्न हुनुपर्ने अहिलेको पुस्ताको सामाजिक बाध्यता नै छ । जसले उनीहरूको सामाजिक सीप विकासमा पनि संकुचन पैदा गरिरहेको छ । अझ ठूलो भय त कृत्रिम बौद्धिकताको बढ्दै गैरहेको आधिपत्यसँग कसरी तालमेल मिलाएर अघि बढ्न सकिने हो भन्ने अन्योल उत्पन्न गराएको छ ।

विगत ३-४ दशकको अवधिमा कुनै पनि उपलब्धि नभएको भन्ने चाहिं हैन । जनताका जीवनस्तरमा उल्लेख्य सुधार भएका तथ्यहरू तथ्याङ्कहरूले देखाएका छन् । तर तत्कालीन अवस्थामा उही स्तरमा रहेका थुप्रै अन्य देशहरूको दाँजोमा हाम्रा उपलब्धिहरू चित्त बुझ्दा भएनन् । सन् १९९० पछि जन्मे-हुर्केको पुस्ताले आफ्नो देशको अवस्थालाई हिजोको आफ्नै अवस्थासँग हैन कि आजको विश्व-परिवेशमा तुलना गरेर हेर्छ ।

अहिलेको युगमा प्रविधिको प्रभुत्व चलिरहेको छ । नयाँ प्रविधिहरूले मात्र देशको आर्थिक र राजनीतिक सुधार एवं उन्नयनमा सकारात्मक भूमिका खेल्न सक्छन् । नयाँ पुस्ता प्रविधिमैत्री पुस्ता हो, र उसले मात्र प्राविधिक नवप्रवर्तनको महत्व बुझ्ने क्षमता राख्छ । प्राविधिक नवप्रवर्तन समृद्धिको जग हो । नोबेल पुरस्कार विजेता लेखक डारेन आसेमोग्लु र जेम्स रबिन्सन आफ्नो पुस्तक 'ह्वाई नेसन फ्फेल्स' मा लेख्छन्– 'पुरानोलाई नयाँले प्रतिस्थापन गर्ने र सीमित मानिसहरूमा निहित आर्थिक र राजनीतिक विशेषाधिकारको पनि कटौती गर्ने क्षमता नवप्रवर्तनमा मात्र हुन्छ ।'

त्यसैले नवप्रवर्तनले मात्र मानव समाजलाई समृद्ध बनाउँछ । त्यसैले राष्ट्रलाई गति दिने हो भने प्रविधि मैत्री नयाँ पुस्ताको सत्तामा उल्लेख्य र सन्तुलित सहभागिता अनिवार्य हुन्छ । द्रुत गतिमा परिवर्तित भैरहेको विश्वको अवस्थालाई पर्गेल्न सक्ने र त्यो अनुसार नीति र विधिहरू तयार गर्न आधुनिक परिवेशमा दीक्षित नौजवानहरू वर्तमानमा राष्ट्रले उपयोग गर्न सक्ने वा गर्नुपर्ने ठूलो पूँजी हो । उनीहरूको अग्रसरता र सक्रिय सहभागिताबाट मात्र देशको अग्रगति सम्भव हुनेछ भन्ने वास्तविकतालाई हामीले कहिले बुझ्ने ?

तर, यस्तो वास्तविकताको विपरीत नेतृत्वमा हालीमुहाली गरिरहेका पुराना नेता वा दलहरू नयाँ पुस्ताको भावना र गतिलाई सम्बोधन गर्ने विषयमा पूरापूर बेवास्ता गरिरहेछन् । के उनीहरू यस्तो जानाजान गरिरहेका छन् ? कि उनीहरू मुख्य समस्याको भेउ समेत पत्ता लगाउने क्षमता राख्दैनन् । जबर्जस्त सामन्ती संस्कृतिको प्रभावका बीच भएको उनीहरूको हुर्काइ, बढाइ र शिक्षा-दीक्षा उनीहरूमा हाबी रहेको रुढीग्रस्त सामन्ती सोचको पछाडिको कारण हुन सक्छ । उनीहरू आफ्नो आत्ममुग्ध एवम् अहङ्कारजन्य स्वभावका कारण दलमा विद्यमान आफ्नो हैकम, दबदबा वा एकाधिकारलाई कुनै पनि हालतमा निरन्तर राख्न चाहन्छन् । उनीहरूको सत्तामा निरन्तरताको लालच माथि आम मान्छेको स्वाभाविक प्रश्न छ । यो प्रश्न उनीहरूको उमेरको कारण भन्दा पनि नेतृत्वको असान्दर्भिक निरन्तरता माथि हो । किनकि, उनीहरूबाट देशको सही वा सिर्जनात्मक नेतृत्व हुनेवाला छैन ।

सत्तामा दोहोरिरहेका नेताहरूको कमजोरीकै कारण विगतका आन्दोलनको आदेश विपरीत आज पनि राजकीय सत्ता मुठ्ठीभर सम्भ्रान्त व्यक्तिहरूको कब्जामा छ । दलाल बिचौलियाको स्वार्थमा राज्य शक्तिहरू परिचालित भैरहेका प्रमाणहरू भेटिन्छन् । राजनीतिमा केका लागि रहने, र सत्तामा कुन प्रयोजनका लागि जाने भन्ने विषयमा समेत स्पष्ट दृष्टिकोणको अभाव रहेको देखिन्छ । उनीहरूमा 'समभाव' को अभाव स्पष्ट देखिन्छ, जुन राजनीतिक व्यक्तिहरूमा हुनुपर्ने उच्चस्तरको गुण हो । राजनीतिमा विधि-विधान भन्दा मूल्य र मान्यताको स्थान माथि रहन्छ ।

तर मूल्य-मान्यताको जग बसाउने काममा विद्यमान नेताहरूबाट ठूलै बेइमानी भएको छ । आफ्नो जिम्मेवारीमा प्रत्येक पटक असफल सावित भइसकेपछि पनि सत्तामा निरन्तरताका लागि सम्भव भएसम्मका जालझेल बुन्न तल्लीन हुनु, र सम्बन्धितहरूबाट प्रतिरोधका लागि कुनै प्रयास हुन नसक्नु निराशाजनक अवस्था हो । सधैं उनै व्यक्तिहरूको रजगज देखेर नयाँ पुस्ता थाकेका र दिक्दार छन् । यस्तोमा देशमा केही हुन्छ भन्ने आशा-भरोशा टुट्नु स्वाभाविक हो ।

नेतृत्वमा नयाँ र पाकाहरूको सन्तुलित उपस्थिति दलको गतिशीलताको प्रमुख आधार हो । द्रुत गतिमा परिवर्तन भइरहेको आजको प्रविधिमैत्री उन्नत विश्वमा दलमा आवधिक रूपमा नयाँ पुस्ताहरूको सहभागिता बढाउन सकिएन भने त्यस्ता दलहरूले समाज वा राज्य प्रणालीको सही ढंगको नेतृत्व कसरी गर्न सक्ला ? सन्निकट भविष्यका सम्भावित सङ्कटबारे चिन्ता गर्ने र सुरक्षित भविष्यको तयारीको अधिकार स्वत: नयाँ पुस्ताले पाउनुपर्नेमा राजनीतिको मूल धारमा प्रवेश पाउने वातावरणसम्म तयार नहुँदा उनीहरूमा भयङ्कर निराशा र अलमल देखिनु स्वाभाविक हो ।

यस्तो अवस्थाले उनीहरूमा असन्तुष्टि, आक्रोश र निराशाको मात्रा चुलिँदै गैरहेको सबैतिरबाट महसुस भैरहेको छ । निराशाको यो अवस्था नागरिकको ठूलो तहमा असन्तोषको रूपमा फैलिसकेको वास्तविकतालाई नेताहरू नजर अन्दाज गरिरहेका छन् । उता, यो अवस्थालाई निरङ्कुश, पपुलिस्ट, राष्ट्रवादी र राजावादी राजनीतिक समूहहरू आफ्नो पक्षमा पार्दै शक्ति बढाउने दाउ हेरिरहेका छन् । उनीहरू सामाजिक सञ्जालको रचनात्मक र उच्च दक्षताका साथ प्रयोग गर्न काबिल छन् । त्यसैले नौजवानहरूमा आफ्नो प्रभाव फैलाउन सफल छन् । राजनीतिको मूलधारबाट आफूलाई अलग गरिएको महसुसकै कारण नयाँ पुस्ता लोकप्रियतावादीहरूको पञ्जामा पर्ने सम्भावना बढ्दै गएको मान्न सकिन्छ ।

यस्तै निराशा, थकान र दिक्दारीका बीच सुखद् जीवनको झिनो आशा सँगाल्दै हाम्रा नौजवानहरूको ठूलो हिस्सा विदेश जाने लाममा उभिने क्रम दिनप्रतिदिन बढ्दो छ । यो हुलमा बाध्यता नभएर पनि विदेशिनेहरू समेत होलान् । तर, महत्वपूर्ण हिस्सा देशमा अवसर वा कुनै उपाय नभेट्नेहरूकै छ । सत्तासीनहरू यसलाई निराशा फैलाइएको अर्थमा बुझ्छन्, र त्यही अनुसार व्याख्या गरिरहेका छन् । वास्तविकता, निराशाको वातावरण तयार भएको हो, फैलाइएको होइन । कसको कारण ? सत्तासीनहरूकै गैर जिम्मेवारीपन र अक्षमताको कारण ।

सपना देख्ने, त्यसका लागि सैर्ष गर्ने वा जुनसुकै चुनौतीका लागि तयार हुने युवा चरित्र नै हो । यस अर्थमा जीवन सैर्षको सुरुआती दिनहरूमा उनीहरूले लिएको निर्णय त्यति ठूलो चिन्ताको विषय बन्नुहुँदैन । बरु मनन गर्नुपर्ने गम्भीर विषय चाहिं उनीहरूले देशमै बसेर काम गर्ने अवसर र वातावरणका लागि हाम्रा तर्फबाट भएका प्रयास कति पर्याप्त थिए वा छन् भन्ने हो । तर देशमा बसेर केही गर्न सकिँदैन, देशमा बस्नु भनेको बर्वाद हुनु हो, देशभित्र सबै बिग्रेको-भत्केको मात्र छ भन्ने सङ्कथन निर्माण हुँदै गएको हो भने चाहिं यसलाई गम्भीर ढङ्गले लिनु आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

# कहाँ हरायो सरकारी कर्मचारीलाई तलबसहितको पर्यटन काज बिदा ?

निनाम लोवात्ती

जुनसुकै देशको अर्थतन्त्रलाई चलायमान बनाउन/गराउनका लागि बाह्य पर्यटकसँगै आन्तरिक पर्यटकको भूमिका पनि एकदमै ठूलो अर्थात् महत्वपूर्ण रहेको हुन्छ । सम्भवत: नेपाल सरकारले यो कुरो महसुस गरेरै हुनुपर्छ, कोरोना महामारीकाल सक्नै लाग्दा नेपालको आन्तरिक पर्यटन प्रवर्द्धन गर्न भनी १० दिने पर्यटन काज बिदाको योजना ल्याउने प्रयास गरेको थियो । यस्तो योजना निजामती कर्मचारीमा आधारित रहेर अथवा भनौं निजामती कर्मचारीलाई लक्षित गरेर ल्याउन खोजिएको थियो ।

त्यसैले त त्यो बेला कोभिड-१९ का कारण नेपाली पर्यटन क्षेत्रलाई परेको असरलाई कम गर्न भनेर नेपाल सरकारले निजामती कर्मचारीलाई लक्षित 'तलबसहितको १० दिने पर्यटन काज बिदा' दिने प्रस्ताव ल्याउने प्रयास गरेको थियो । त्यो बेला नेपाल सरकारले ल्याउन लागेको सो निजामती कर्मचारीको '१० दिने पर्यटन काज बिदा' लागू भएको भए नेपाली पर्यटनमा धेरै राम्रोसँग छाप छाड्ने थियो । धेरै राम्रो छाप छाड्ने मात्रै नभएर नेपालको ग्रामीण अर्थतन्त्रलाई चलायमान गराउन पनि महत्वपूर्ण भूमिका खेल्ने थियो ।

त्यो बेला सन् २०१९ को डिसेम्बरमा चीनको दक्षिण-पूर्वी प्रान्त हुपेईको राजधानी वुहानबाट शुरु भएको कोरोना महामारी (कोभिड-१९) ले लगभग तीन वर्षसम्म विश्वको आर्थिक गतिविधि एवम् जनजीवन लगभग ठप्प परेको अवस्था थियो । त्यसरी कोरोना महामारी (कोभिड-१९) कालमा विश्वमा आवागमन नै बन्द भएपछि विश्व पर्यटन गतिविधिमा सुस्तता आयो । साथै आन्तरिक अर्थतन्त्रमा मन्दी आएपछि कोरोना महामारी (कोभिड-१९) कालमा आफ्नो देशकै मानिसलाई आन्तरिक पर्यटकका रुपमा घुम्न निक्लन प्रोत्साहन गरेका थिए, विभिन्न देशले ।

त्यसरी आन्तरिक पर्यटकीय गतिविधि बढाउनका लागि अस्ट्रिया, अमेरिका, ब्राजिल, भियतनाम, मलेसिया, जापान, फ्रान्स, मकाउ, चेक गणतन्त्र, पोर्चुगल, दक्षिण कोरिया, जर्मनी, साउदी अरब, पोर्चुगल, माल्दिभ्स, चीन, ओमान, बेल्जियम, इटली, युनाइटेड अरब इमिरेट्स (युएई), टर्की, बेलारुस, युक्रेन, भारत, लाओस, साइप्रस, बहराइन, युक्रेन, नर्वे, श्रीलंका, थाइल्यान्ड, अस्ट्रेलिया, मंगोलिया, कम्बोडिया, रुस, पोल्यान्ड, इरान, स्वीट्जरल्यान्ड आदिले आन्तरिक पर्यटक बन्नका लागि प्रोत्साहन गरेका थिए ।

नेपाल सरकारले पनि त्यस बेला कोरोना महामारीपछि नेपाल आउने विदेशी पर्यटकको आगमनको संख्या ह्वात्तै घटेपछि नेपालकै सरकारी कर्मचारीलाई खास गरीकन निजामती कर्मचारीलाई आन्तरिक पर्यटक भई घुम्न जाऊन् भनी 'तलबसहितको १० दिनको पर्यटन काज बिदा' ल्याएको थियो ।

नेपाल सरकारको सो कार्यक्रमले हाम्रो देशमा कोरोना महामारीका कारण अर्थतन्त्रमा परेको असरलाई थेग्न त्यसमा पनि आन्तरिक अर्थतन्त्रलाई परेको असरलाई कम गर्न, आर्थिक गतिविधिहरु नेपालभरिको गाउँ-गाउँ, टोल-टोलसम्म पुगोस् भन्न र आर्थिक गतिविधिले तल्तो तहका मानिसमा तरक्की ल्याउन, चलायमान हुन पनि सहयोग पुग्ने थियो । तर यस्तो पवित्र उद्देश्य राखेर आर्थिक वर्ष २०७८/०७९ मा आन्तरिक पर्यटन प्रवर्द्धन गर्नका लागि तत्कालीन अर्थमन्त्रीले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा 'सरकारी कर्मचारीलाई १० दिनको पर्यटन काज बिदा' उपलब्ध गराएर आन्तरिक पर्यटकका रुपमा देशका विभिन्न पर्यटकीय क्षेत्रहरुमा घुम्न जान प्रोत्साहन गर्ने नीति ल्याउनुभएको थियो ।

तर, नेपाल सरकारले पवित्र उद्देश्यले ल्याएको कार्यक्रम अहिलेसम्म किन लागू भएन ? कोही कसैलाई अत्तोपत्तो छैन । जसको उद्देश्य आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने र आन्तरिक अर्थतन्त्रलाई भरथेग गर्ने भन्ने रहेको थियो । बुझिएअनुसार नेपाल सरकारले निजामती कर्मचारीहरुलाई लक्षित गरेर बजेट भाषणमै व्यवस्था गरिएको सो '१० दिने पर्यटन काज बिदा योजना' कर्मचारीतन्त्रकै उच्च तहले शुरुमा अनेक बहाना बनाए । अन्त्यमा लागू हुनै दिएनन् । सो पर्यटन काज बिदाको कागजपत्र अझै पनि तालुकवाला मन्त्रालयको दराज वा घर्रामा बेवारिसे अवस्थामा थन्किएर बसेको होला ।

जे भए तापनि तत्कालीन सरकारले नेपालको आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुगोस् भन्ने पवित्र भावनाले आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट भाषणमा सरकारी कर्मचारीलाई १० दिनको बिदा दिएर आन्तरिकरुपमा पर्यटक भई घुम्न जानका लागि ल्याएको कार्यक्रमलाई नेपाली कर्मचारीतन्त्रमा रहेका केही अल्छे र राष्ट्रप्रति जिम्मेवारीबोध नभएका माथिल्लो तहमा रहेका अथवा भनौं ठूलो पदमा बसेको कर्मचारीहरुले नै अनेक बहानामा लागू हुन दिएनन् । यसले के देखाउँछ भने, नेपाल सरकारभन्दा नेपाली कर्मचारीतन्त्र बलिया रहेका छन् ।

त्यसैले उनीहरुले सरकारले ल्याएको कार्यक्रम लागू हुनै दिएनन्, अनेक बहानामा तुहाए । खासमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्नका लागि केवल निजामती कर्मचारी मात्रै नभएर नेपाली सेना अर्थात् जंगी, आयोग, प्रतिष्ठान, बोर्ड, संस्थान, कार्यदल, निगम, प्राधिकरण, सर कारी तथा निजी विद्यालय, कलेज, विश्वविद्यालयका प्राध्यापक, प्रोफेसर, कूटनीतिक नियोग, आईएनजीओ, एनजीओ, दातृ निकाय, निजी कम्पनी एवम् उद्योग, कल-कारखाना, व्यापारिक घराना आदिमा काम गर्ने कर्मचारी तथा कामदारलाई समेटेर आन्तरिक पर्यटनमा योगदान गर्न प्रोत्साहन गर्नुपर्ने थियो ।

भन्ने नै हो भने, विश्वकै एक नमुना पर्यटकीय देशमा पर्छ, हाम्रो देश नेपाल । विश्वका जुनसुकै देशमा हाम्रो देश नेपालमा जस्तो जातीय विविधता, भाषिक विविधता, धार्मिक एवम् सांस्कृतिक विविधता, प्राकृतिक विविधता, भौगोलिक विविधता एवम् महत्व भएको गाउँ-ठाउँ, वन्यजन्तु अवलोकन गर्ने स्थल, चरा पर्यटन, चट्टान आरोहण, बेलुनिङ, प्यारागलाइडिङ, बन्जी जम्पिङ, ऱ्याफ्टिङ, कायाकिङ, साइक्लिङ, जिप सफारीलगायत अन्य पर्यटकीय गतिविधिका लागि प्रचुर सम्भावना भएको एउटै देश छैन । त्यस्तै हाम्रो देश नेपाल भनेको ऐतिहासिक महत्वका ठाउँहरु पनि प्रशस्तै भएको देश हो ।

हाम्रो देशमा पुराना दरबार, गढी, किल्ला, दुर्ग, प्राकृतिकरुपमै बग्दै आएका झरना, छहरा, छाँगालगायत अन्य धेरै प्राकृतिक स्थानहरु रहेका छन् । जुन ठाउँहरु भ्रमण गर्नका लागि भनेर विश्वभरिका पर्यटकलाई नेपाल सरकारले प्रोत्साहन गर्न सक्छ । त्यस्तै गरेर 'सरकारी कर्मचारीहरुलाई पनि १० दिनको तलबसहितको काज बिदा दिएर आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने जुन व्यवस्था मिलाउन र लागू गर्न खोजेको थियो, सो कर्यक्रम पहिले लागू गर्न नसकिएको भए तापनि अब पुन: सो कर्यक्रमलाई लागू गर्न सके सुनमा सुगन्ध हुने थियो । तर, आर्थिक वर्ष २०८२/०८३ को बजेट भाषणमा चाहिँ सो '१० दिने पर्यटन काज बिदा'का सम्बन्धमा के-कस्तो व्यवस्था गरियो वा फास्सफुस्स भयो ? केही उल्लेख गरिएको छैन ।

जबकि सो १० दिने पर्यटन काज बिदा योजना निजामती कर्मचारीहरुलाई मात्रै नभएर अरुलाई पनि आन्तरिक पर्यटकको रुपमा देशाटन गर्नका लागि प्रोत्साहन गर्ने गरी ल्याउनुपर्थ्यो । साथै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने खालका प्याकेजहरु ल्याउनुपर्ने थियो । त्यसका लागि सम्बन्धित निकायमा बसेका जिम्मेवार व्यक्ति एवम् संघ-संस्थाहरुले अझै पनि सोच्नुपर्ने देखिन्छ । त्यसैले तत्कालीन सरकारले पवित्र उद्देश्य र आन्तरिक पर्यटन फस्टाओस् भन्ने भावनाले ल्याएको सरकारी कर्मचारीलाई 'तलबसहितको १० दिने पर्यटन काज बिदा' योजना हराउन नदिई पुन: बिउँताउन र तदारुकताका साथ लागू गर्न जरुरी छ । यसो गर्न सके नेपालको आन्तरिक पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्नेछ । त्यसैले यो योजना लागू गर्न पुन: दबाब दिनुपर्ने देखिन्छ । 'तलबसहितको १० दिने पर्यटन काज बिदा' लागू गर्न सकेदेखि वास्तवमै आन्तरिक पर्यटनको माध्यमबाट देशको अर्थतन्त्रलाई चलायन बनाउन सकिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# नेपाल आउनुपर्ने ४०० कन्टेनर सामान चीनमै अलपत्र, दसैंतिहार महँगिने डर



काठमाडौं/मनसुनजन्य विपत्तिका कारण यसपालि दसैंतिहार जस्ता ठूला चाडका बेला नेपाली उपभोक्ताले महँगीको मार खेप्नुपर्ने भएको छ । बाढीपहिरोका कारण उत्तरतर्फका दुई प्रमुख व्यापारिक नाका लगभग ठप्प रहेका कारण उताबाट नेपाल आउनुपर्ने ठूलो परिमाण बराबरका उपभोग्य सामग्री आउन नसक्दा उपभोक्ताले आसन्न ठूला चाडमा महँगीको मार खेप्नुपर्ने भएको हो ।

ठूला चाडको रौनक नेपालीको घरआँगनमा प्रवेश गरिसक्दा उत्तरी छिमेकी चीनबाट नेपाल भित्रिनुपर्ने अर्बौं मूल्यका सामान भने उतै अलपत्र छन् । कारण हो- मनसुनजन्य विपत्ति । उत्तरतर्फका प्रमुख व्यापारिक नाका तातोपानी र रसुवागढी दुवै मनसुनजन्य विपत्तिका कारण लगभग ठप्प हुँदा करिब ४ सय कन्टेनर सामान उतै अलपत्र परेको व्यवसायीहरूले जानकारी दिएका छन् ।

दसैंतिहार लक्षित गरी व्यवसायीले मगाएका ती सामान बाढी, पहिरोका कारण वारि ल्याउन नसक्दा यसपालिको दसै-तिहारमा उपभोक्ताले सामान अभाव र अनियन्त्रित मूल्यवृद्धिको दोहोरो मार खेप्नुपर्ने देखिएको हो ।

**४०० कन्टेनर सामान चीनतिरै अलपत्र**

नेपाल समुद्रपार निकासी पैठारी संघका महासचिव जयन्तकुमार अग्रवालका अनुसार चीनतर्फ करिब ४ सय कन्टेनर सामान रोकिएका छन् । 'हामीसँग यकिन तथ्यांक त छैन, तर ४ सय कन्टेनर जति सामान चीनतर्फ नै रोकिएको भन्ने हाम्रो अनुमान छ,' उनले भने । ती कन्टेनरमा दसैंतिहार लक्षित सम्पूर्ण बजार छ, अर्थात् लत्ताकपडा, जुत्ता, स्याउ, ओखर, लसुन, ड्राइ फ्रुट्स र इलेक्ट्रोनिक ग्याजेट ।

'यो चार-पाँच महिनाअघि नै दसैंतिहारको बजार हेरेर योजना बनाइ अर्डर गरिएका सामान हुन्,' महासचिव अग्रवालले संचारकर्मीसँग भने, 'एक महिनाभन्दा बढी भयो कन्टेनरहरू एउटै ठाउँमा थन्किएको । त्यो बन्द बाकसभित्र स्याउ, लसुनजस्ता वस्तुको हालत के भयो होला ? लत्ताकपडा र जुत्तामा ढुसी पलायो होला । यो क्षतिको कुनै हिसाबकिताब छैन ।'

यो यसपालिको मनसुनले निम्त्याएको एक पटकको संकटमात्र नभई हरेक वर्ष दोहोरिने नियति भएको महासचिव अग्रवालको भनाइ छ । 'यो समस्या अहिलेको मात्र होइन, वर्षौंखि सधैं यस्तै सास्ती खेपिर हनु परेको छ, नयाँ नाकाहरू प्रयोगमा ल्याउनु आजको आवश्यकता हो,' उनी भन्छन्, 'चालु नाकाको स्तरोन्नति अत्यावश्यक छ । समुद्री मार्ग हुँदै चीनतर्फको व्यापार गर्ने अवस्था आयो भने बजारमा महँगी र अभाव दुवै बढ्ने निश्चित छ ।' उनका अनुसार सरकारले १० वर्षअघि नै सम्झौता भएका मुस्ताङजस्ता सुरक्षित र वैकल्पिक नाकाहरू तत्काल सञ्चालनमा ल्याउन ढिला गर्न हुँदैन ।

**१० देखि १५ दिनभित्र सामान नआए चाडपर्व महंगिने**

नेपाल हिमालय सीमापार वाणिज्य संघका महासचिव रामचन्द्र पराजुलीका अनुसार चीनमा अलपत्र सामान अबको १० देखि १५ दिनभित्र नेपाल भित्रिन नसके चाडपर्व महँगिने निश्चित छ । 'यो भनेको केवल सामान रोकिनु मात्र होइन, बजारको चक्र नै रोकिनु हो,' पराजुली भन्छन्, 'जब बजारमा सामान अभाव हुन्छ, तब कालोबजारी मौलाउँछ । यहाँ भएका सीमित सामानको मूल्य अस्वाभाविक रूपमा बढाइन्छ ।' विगतमा पनि यस्तै संकटको फाइदा उठाउँदै केही व्यापारीले कृत्रिम अभाव सिर्जना गरेका उदाहरण छन् ।

पराजुलीले तिजका लागि ल्याइएका सामानहरू पनि प्रभावित भएको र बीचमा बाटो खुल्दा थोरै सामान ल्याउन सफल भए पनि धेरैजसो चीनतर्फ नै रोकिएको जानकारी दिए । 'विशेषगरी स्याउजस्ता कुहिने सामानमा व्यवसायीले ठूलो क्षति बेहोरेका छन्, कति सामान त अवस्था यस्तो भयो कि भरिया लगाएर जोखिमपूर्ण तरिकाले बोकाएर पनि ल्याउनुपर्‍यो,' उनले भने ।

तातोपानी नाकामा व्यवसायीहरूले पहिरो छिचोल्न भरियाको सहारा लिएका छन् । चीनतर्फको गाडीबाट सामान झार्ने, पिठ्युँमा बोकाएर जोखिमपूर्ण र चिप्लो पहिरो पार गराउने, अनि नेपालतर्फ पर्खिरहेको अर्को गाडीमा लोड गर्ने । यो दृश्यले संकटको भयावहता र मानव श्रमको सस्तो मूल्यलाई एकसाथ उजागर गर्छ । 'तर यो समाधान होइन, यो त बाध्यता हो,' महासचिव पराजुली भन्छन्, 'यसरी बोकेर ल्याउँदा ढुवानी खर्च दोब्बरभन्दा बढी पर्छ, एक किलो स्याउको भाउ २ सय रुपैयाँ पर्ने ठाउँमा ४ सय पुग्न सक्छ । त्यो मूल्य अन्ततः उपभोक्ताले नै तिर्ने हो ।' तीजको समयमा पनि यसैगरी सामान ल्याइएको थियो, तर अर्बौंको सामान यसरी बोकेर ल्याउन असम्भवप्रायः छ । यो केवल केही अत्यावश्यक र महँगा वस्तुका लागि मात्रै सम्भव हुने अव्यावहारिक विकल्प हो ।

**रसुवागढी र तातोपानी नाकामा बिजोग**

रसुवागढी नाका जोड्ने पुल बाढीले बगाएर स्याफ्रुबेसीदेखि रसुवागढीसम्मको १८ किलोमिटर सडक पहिरोले क्षति पुर्‍याएपछि यो नाका पूर्णरूपमा ठप्प छ । चीनतर्फ 'लिपखुफिर' भन्ने ठाउँमा पहिरो गएपछि तातोपानी नाका २०-२२ दिन बन्द थियो । करिब २२ दिनको लामो अवरोधपछि ५ र ६ भदौमा तातोपानी भन्सार परिसरमा पारि रोकिएका गाडीहरू प्रवेश गराइएको थियो । तातोपानी भन्सार कार्यालयका सूचना अधिकारी सूर्यप्रसाद काफ्लेका अनुसार जसमा ४४ वटा सामानका कन्टेनर र १ सय २७ वटा नयाँ विद्युतीय गाडी (ईभी) थिए ।

फेरि ७ भदौदेखि कोदारीमा रहेको त्यही ३५ मिटरको पहिरोले नाका पूर्णरूपमा बन्द भएको उनी बताउँछन् । 'समस्याको जड सानो छ, तर जटिल छ,' सूचना अधिकारी काफ्ले भन्छन्, 'दिनभरि डोजरले बाटो सफा गर्छ, रातभरिको पानीले फेरि बगाएर उस्तै बनाउँछ । माथिबाट लेदो खस्न नरोकिएसम्म केही भन्न सकिने अवस्था छैन ।' यस्तै रसुवागढीमा पूर्वाधार मर्मत कार्य चलिरहेको छ । चीनतर्फको मितेरी पुल मर्मत भइरहेकाले महिनौंदेखि आयात-निर्यात शून्य छ । रसुवा भन्सार कार्यालयका सूचना अधिकारी रवीन्द्र प्याकुरेलको भनाइले दसैंतिहारको बजारका लागि यसले कुनै सुखद संकेत दिँदैन ।

'दसैंअघि नाका खुल्ने सम्भावना एकदमै कम छ,' उनी भन्छन्, 'हाम्रो भन्सार यार्ड अहिले सुनसान छ । हाम्रो अनुमानमा दसैंपछि मात्रै केही सहज होला ।'

**उत्तरतर्फ तेस्रो व्यापारिक विकल्प चाहियो : व्यवसायी**

चीनसँगका दुवै व्यापारिक नाका अनिश्चितकालका लागि अवरुद्ध बनेपछि व्यवसायीले सरकारलाई भनेका छन्, 'अब तेस्रो विकल्प चाहियो' । दसैंतिहारको बजार लक्षित गरी ल्याइएका अर्बौंका सामान सीमामा अलपत्र परेपछि उनीहरूले देशको दोस्रो ठूलो व्यापार साझेदार सँगको कारोबारका लागि तत्काल नयाँ नाका खोल्न माग गरेका हुन् । नेपाल चेम्बर अफ कमर्सले मंगलबार विज्ञप्ति नै जारी गरेर वर्षा र बाढीका कारण अवरुद्ध रसुवा र तातोपानी नाका यथाशीघ्र सञ्चालनमा ल्याउन सरकारको ध्यानाकर्षण गराएको छ ।

नेपाल-चीनबीचको व्यापारका लागि अत्यन्तै महत्त्वपूर्ण मानिने यी दुई नाका नजिकिँदो चाडपर्वका बेला बन्द भएपछि व्यापार, व्यवसाय र आयात-निर्यात प्रणालीमा गम्भीर समस्या देखिएको भन्दै चेम्बरले तत्काल पुनर्निर्माणको पहल गर्न सरकारको ध्यानकर्षण गरेको हो । चीनसँग जोडिएका महत्त्वपूर्ण नाकाहरू लामो समय बन्द हुँदा वैदेशिक व्यापारमात्र नभई साना उद्योग र व्यावसायिक प्रतिष्ठान पनि संकटमा परेको चेम्बरको भनाइ छ ।

**दीर्घकालीन संकटको संकेत**

यो समस्या केवल यो वर्षको मनसुनको उपजमात्र होइन । समुद्रपार निकासी पैठारी संघका महासचिव जयन्तकुमार अग्रवालका अनुसार यी नाकाहरूको कमजोर भूधरातल (टेरेन) र अपर्याप्त पूर्वाधारले गर्दा यो हरेक वर्षको नियति बनेको छ । 'हामीले सरकारलाई पटक-पटक भनेका छौं, यो समस्याको दीर्घकालीन समाधान खोजौं,' उनी भन्छन्, '१० वर्षअघि नै सम्झौता भएका मुस्ताङजस्ता सुरक्षित र वैकल्पिक नाकाहरू अब खोल्नैपर्छ । हामी कहिलेसम्म प्रकृतिको दयामा बाँच्ने ?'

तत्कालका लागि भने संघले भत्किएका पुलको ठाउँमा अस्थायी 'मेकसिफ्ट ब्रिज' बनाएर भए पनि सामान ल्याउने वातावरण बनाउन सरकारलाई आग्रह गरेको छ । व्यवसायीहरूले भौतिक योजनामन्त्रीदेखि उद्योग वाणिज्य मन्त्रीसम्म भेटेर आफ्नो समस्या सुनाइसकेका छन्, तर ठोस समाधान निस्केको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# स्वास्थ्य मन्त्रीद्वारा गोलञ्जोर अस्पताललाई स्वास्थ्यसामग्री हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ बागमती प्रदेश सरकारले सिन्धुलीको गोलञ्जोर गाउँपालिकास्थित गोलञ्जोर अस्पताललाई स्वास्थ्यसामग्री हस्तान्तरण गरेको छ ।

प्रदेश सरकारले उपलब्ध गराएको सामग्रीमा इसिजी मेसिन, बाइनाकुलर, प्यासेन्ट मोनिटर, इएनटी उपकरण र विभिन्न आवश्यक औषधि रहेका छन् । गोलञ्जोर गाउँपालिका अध्यक्ष शङ्करराज बराललाई बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा मगरले ती सामग्री हस्तान्तरण गर्नुभएको हो ।

अस्पतालका लागि प्रदान गरिएका सामग्रीहरूले उपचार सेवामा थप सहजता ल्याउने मन्त्री थापाले विश्वास व्यक्त गरे । प्रदेश सरकार स्वास्थ्य सेवा सुधार र विस्तारमा प्रतिबद्ध रहेको उनले बताए ।

गाउँपालिकाका अध्यक्ष बरालले प्रदेश सरकारको सहयोगले स्थानीयवासीले नजिकमै गुणस्तरीय उपचार सेवा पाउने वातावरण बन्दै गएको बताए । उनले प्राप्त सामाग्रीको उचित सदुपयोग गर्दै सेवा प्रवाह गरिने स्पष्ट पारे ।

यसअघि आधारभूत स्वास्थ्य सेवा मात्र प्रदान गर्दै आएको गोलञ्जोर अस्पतालमा आवश्यक उपकरण र औषधि अभावका कारण बिरामीले कठिनाइ भोग्नु परेको थियो । नयाँ उपकरण तथा औषधिहरू उपलब्ध भएपछि आकस्मिक उपचारदेखि नियमित सेवा सहज हुने जनाइएको छ ।

# कामेश्वर र लक्ष्मी अभिनीत 'अभिमन्यू'को ट्रेलरमा के छ ?



काठमाडौं/कीर्तिमानी फिल्म 'पूर्णबहादुरको सारङ्गी'का निर्माता विनोद पौडेलले निर्माण गरेको नयाँ फिल्म 'अभिमन्यू'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमको आयोजनापछि निर्माण कम्पनी सेभेन सिज सिनेमाकै युट्युब च्यानलबाट सार्वजनिक ३ मिनेट भन्दा लामो ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे केही संकेत गरेको छ ।

अभिनेता कामेश्वर चौरासिया हाबी देखिएको ट्रेलर प्रेम, अपहरण, फिरौती, बलात्कार, बदला, र अनुसन्धानको वरिपरि घुमेको छ । घरबारबिहीन एक युवकले पैसाका लागि केसम्म गर्न सक्छ र ऊ कसरी समस्यामा पर्छ भन्ने ट्रेलरमा देखाइएको छ । हास्य, संघर्ष, र गम्भीर भावनाको मिश्रण रहेको ट्रेलरमा ब्याकग्राउन्ड स्कोर प्रभावशाली देखिन्छ । यसले दर्शकमा थ्रिल महसुस गराउँछ ।

भदौ २७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मलाई सुशान्त गौतमले निर्देशन गरेका हुन् । यो उनको पहिलो निर्देशकीय फिल्म हो । आगामी असोज ६ गते हिन्दी भाषामा विश्वव्यापी रिलिज हुने फिल्ममा कामेश्वरसहित सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठ, प्रकाश दाहाल, सुष्मा निरौला लगायतको अभिनय रहेको छ ।

मुकेश खनालको लेखन रहेको फिल्मको क्रिएटिभ निर्देशक मदन थापा हुन् । 'अभिमन्यु'को निर्माणमा विनोद पौडेललाई गुञ्जन गिरीले सघाएका छन् । रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको फिल्ममा शरद महतोको डिओपी, मनोज श्रेष्ठको भिएफएक्स, सुप्रिम पराजुलीको रंग संयोजन तथा मदन घिमिरेको सम्पादन छ ।

# संघीय निजामती सेवा विधेयक: सेवा प्रवेश गर्दा आरक्षण, बढुवामा नपाइने

काठमाडौं/निजामती कर्मचारीको बढुवामा आरक्षणको प्रावधान नरहने भएको छ । निजामती सेवा प्रवेशमा मात्रै आरक्षण रहने गरी संघीय निजामती सेवा विधेयक अगाडि बढाउने सहमति राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा सहमति जुटेको छ । सांसदहरूले कर्मचारीको बढुवामा समेत महिला र दलितका लागि आरक्षणको प्रस्ताव गरेका थिए । 'सकारात्मक विभेद आवश्यक छ, महिला र दलितको हकमा केही न केही आरक्षणको व्यवस्था गरेर जाऔं,' नेकपा माओवादी केन्द्रकी सांसद गंगाकुमारी बेलबासेले समितिको बैठकमा भनेकी थिइन् ।

नेकपा एकीकृत समाजवादीका सांसद बेदुराम भुसाल, नेकपा माओवादी केन्द्रकै सांसद सुरेश आलेमगर लगायतले पनि समावेशिताको विषय संविधानमै उल्लेख रहेको भनेर कर्मचारीको बढुवामा समेत आरक्षणको प्रावधान राख्नुपर्ने तर्क गरेका थिए । तर, सेवामा प्रवेश गरिसकेपछि सबै समान हुने तर्क सरकारी कर्मचारीहरूले गरे ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थले सेवामा एकसाथ रहेकाहरूलाई कमजोर र बलियो भनेर छुट्याउन नमिल्ने बताए । 'सेवा प्रवेश गरिसकेपछि भेदभाव गर्न हुँदैन । एउटा कमजोर र अर्को बलियो भन्ने हुँदैन' सचिव पन्थले भने, 'हाल बढुवामा आरक्षण अभ्यासमा पनि छैन । यो व्यवस्था नयाँ ऐनमा पनि नगरौं ।' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी सहसचिव मीरा आचार्यले संविधानमै समानताको हक रहेको स्मरण गराइन् ।

संविधानको धारा १८ मा समानताको हकसम्बन्धी व्यवस्था छ, जहाँ सबै नागरिक कानुनको दृष्टिमा समान हुने भनिएको छ । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको उल्लेख गर्दै उनले सेवा प्रवेश गरिसकेपछि बढुवामा योग्य हुने विषयमा पनि भेदभाव गर्न नहुने बताइन् । सरकार तयार नभएपछि सांसदहरू निजामती सेवा प्रवेशमा आरक्षण रहने र कर्मचारी बढुवामा नरहने प्रावधान नै राखेर अगाडि जान तयार भएका हुन् । सेवा प्रवेशमा भने विधेयकमा आरक्षणको व्यवस्था छ ।

प्रस्तावित विधेयकको दफा ११ मा पदपूर्तिसम्बन्धी विशेष व्यवस्था छ । जहाँ खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानेर त्यसको ५० प्रतिशत पदमा महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराएर पदपूर्ति गर्ने व्यवस्था छ । बाँकी ५० प्रतिशत पदमा पनि समावेशी समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ । खस आर्यलाई २७.७ प्रतिशत, आदिवासी जनजातिलाई २५.७ प्रतिशत, मधेशीलाई १५.३ प्रतिशत, दलितलाई १२.७ प्रतिशत, थारुलाई ६.६ प्रतिशत आरक्षण रहने भनिएको छ । मुस्लिमलाई ४ प्रतिशत, पिछडिएको क्षेत्रलाई ४ प्रतिशत र अपांगता भएका व्यक्तिलाई ४ प्रतिशत आरक्षण रहने व्यवस्था प्रस्तावित छ ।

महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको ५० प्रतिशत पदलाई पनि शतप्रतिशत मानेर समावेशी समूहका महिला उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने भनिएको छ । अर्थात्, महिला आरक्षणभित्र पनि आरक्षणको व्यवस्था विधेयकमा छ । जसअन्तर्गत आदिवासी जनजातिलाई ३२.५ प्रतिशत, मधेशीलाई १९ प्रतिशत, दलितलाई १५.५ प्रतिशत, विपन्न खस आर्यलाई १० प्रतिशत, थारुलाई ९ प्रतिशत आरक्षण हुने भनिएको छ । मुस्लिमलाई ५ प्रतिशत, पिछडिएको क्षेत्रलाई ५ प्रतिशत र अपांगता भएका व्यक्तिलाई ४ प्रतिशत आरक्षणको व्यवस्था छ । संघीय निजामती सेवा विधेयक १५ असार २०८२ मा प्रतिनिधिसभाबाट पास भएर राष्ट्रिय सभामा गएको हो । राष्ट्रिय सभाले दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ ।

**उल्टिए ३ विषय**

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा जुटेका कतिपय सहमतिलाई उल्ट्याउने निर्णय लिएको छ । जसमा कर्मचारीको पदपूर्तिदेखि पद सिर्जना लगायतका विषय रहेका छन् । प्रतिनिधिसभामा जुटेको सहमति विधायन समितिले उल्ट्याएको पहिलो विषय हो, सहसचिवमा खुला प्रतिस्पर्धा ।

प्रतिनिधिसभाले निजामती सेवामा उपसचिवसम्म मात्रै खुला प्रतिस्पर्धा रहने गरी विधेयक पास गरेर अगाडि बढाएको थियो । राष्ट्रिय सभाले विधायन समितिमा १० प्रतिशत खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने प्रावधान राखेको छ । विधायन समितिमा जुटेको सहमतिअनुसार निजामती सेवाको सहसचिवको पदपूर्ति गर्दा १० प्रतिशत खुला, २० प्रतिशत अन्तर तह र ७० प्रतिशत बढुवाबाट हुनेछ । प्रतिनिधिसभाले गरेको सहमति उल्टिएको अर्को विषय हो- नायब सुब्बा (नासु)को पदपूर्ति । प्रतिनिधिसभाले नासुमा शतप्रतिशत बढुवाबाट पदपूर्ति गर्ने भनेको थियो । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा खुला प्रतिस्पर्धाबाट समेत नासुको पदपूर्ति गर्ने विषयमा सैद्धान्तिक सहमति जुटेको छ । तर यसमा कति प्रतिशत राख्ने टुंगो लागेको छैन ।

विधायन व्यवस्थापन समितिका उपसचिव नुमराज खनाल शर्माका अनुसार नासुमा खुला प्रतिस्पर्धा कति प्रतिशत राख्ने भन्ने विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव आएपछि निर्णय हुनेछ । उनले भनेका छन्, 'नासुमा खुला प्रतिस्पर्धा राख्ने सैद्धान्तिक सहमति जुटेको छ । तर कति प्रतिशत राख्ने भनेर मन्त्रालयले एउटा प्रस्ताव ल्याउँछ । त्यसपछि ठोस निर्णय हुन्छ ।' प्रतिनिधिसभामा भएको निर्णय विधायन समितिमा उल्टिएको तेस्रो विषय हो- अतिरिक्त सचिव ब्युँताउने प्रावधान ।

प्रतिनिधिसभाले सहसचिव भन्दा माथि सचिवभन्दा तल अतिरिक्त सचिवसचिव पदको सिर्जना गर्नेगरी संघीय निजामती सेवा विधेयक पास गरेर राष्ट्रिय सभामा पठाएको थियो । तर यो पद आवश्यक नरहेको भनेर राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले उल्ट्याउने निर्णय लिएको छ । 'माननीयज्यूहरूले निजामतीमा अतिरिक्त सचिव हटाउने गरी निर्णय गर्नुभएको छ,' विधायन व्यवस्थापन समितिका उपसचिव शर्माले जानकारी दिए । अतिरिक्त सचिव हाल अभ्यासमा नरहेको पद हो ।

२०४२ सालमा तत्कालीन प्रशासन सचिव मंगलकृष्ण श्रेष्ठले सचिवभन्दा तल अतिरिक्त सचिव, त्यसभन्दा तल विशिष्ठ सचिव, सहसचिव रहने अवधारणा ल्याएका थिए । उक्त अवधारणा कर्मचारीतन्त्रमा पञ्चायतमा छोटो अवधि अभ्यासमा लागु भएको थियो । छोटो समयमै सहसचिवबाट सिधै सचिव हुनसक्ने बाटो बन्द भएको भनेर कर्मचारीभित्रै असन्तुष्टि पैदा भएपछि यो अभ्यास लामो समयसम्म कायम रहन सकेन ।

*(स्रोत: अनलाइनखबर)*

# 'माइतीघर'को गीत 'वसन्त नै बस्न खोज्छ'मा उपासना र श्यामाश्रीको छमछमी



काठमाडौं/यसपालिको दशैंको फूलपातीबाट प्रदर्शनमा आउन लागेको फिल्म 'माइतीघर'को शीर्ष गीत 'वसन्त नै बस्न खोज्छ यहाँ लोलाएर' सार्वजनिक गरिएको छ । यो ६ दशकअघि बनेको फिल्म 'माइतीघर'कै गीत हो, जसलाई यसपटक निर्माता रोहित अधिकारी र उनको टिमले नयाँ शैलीमा पुनः बजारमा ल्याएको हो । यो गीतले पुरानो धुनमा नयाँ ऊर्जा थपिएको अनुभूति गराउँछ ।

यस गीतकी मूल गायिका आशा भोसले हुन् भने यसपटक भारतीय गायिका सञ्जीवनीले स्वर दिएकी छन् । राकेश गुरुङको एरेञ्ज रहेको गीतमा किरण खरेलको शब्द तथा जयदेवको संगीत छ । कविराज गहतराजले कोरियोग्राफी गरेको गीतको भिडियोमा फिल्मका दुई मुख्य अभिनेत्री उपासना सिंह ठकुरी र श्यामाश्री शेर्पाको आकर्षक नृत्य देख्न सकिन्छ ।

मानकृष्ण महर्जन र सुशन प्रजापतिको लोभलाग्दो छायांकन रहेको यो गीतमा फिल्मको निर्माण पक्षले भिडियो प्रतियोगिताको घोषणा गरिसकेको छ । ४० सेकेन्डदेखि २ मिनेटसम्म भिडियो बनाएर पठाउनेमध्ये उत्कृष्ट एक जनाले ५ लाख पुरस्कार पाउनेछन् । यो रणनीतिले फिल्मको प्रचारलाई अझ व्यापक बनाउने निर्माण टिमको अपेक्षा छ ।

मिलन तामाङको निर्देशनमा बनेको फिल्ममा उपासना र श्यामाश्रीसहित केदार प्रसाद घिमिरे (माग्ने बुढा), धीरज मगर, प्रकाश सपूत, युवराज लामा, वुद्दि तामाङ, रजनी गुरुङ लगायतको अभिनय रहेको छ । रबिन शेरचन र धिरज तामाङको लगानी रहेको फिल्मको कार्यकारी निर्मातामा ईश्वर श्रेष्ठ र निरज कटुवाल रहेका छन् । फिल्मका लेखक रामशरण पाठक हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# फोहोर संकलनमा खटिने कर्मचारी पहिलोपटक सामाजिक सुरक्षा कोषमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/हेटौंडा उपमहानगरपालिका क्षेत्रमा फोहोर मैला संकलन र व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई पहिलोपटक सामाजिक सुरक्षा कोषमा आवद्ध गराइएको छ ।

हेटौंडा उपमहानगर पालिकासँगको साझेदारीमा ग्रीन एण्ड क्लिन सिटी सर्भिस प्रालिले यस कार्यमा संलग्न ५३ जना कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको हो । हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा बिहीबार आयोजित कार्यक्रममा सफाईक्षेत्रमा कार्यरत कर्मचारीलाई कोषमा समावेश गरिएको थियो । कार्यक्रममा नगर प्रमुख लामाले फोहोरमैला संकलन गर्ने काम कठिन र जोखिमपूर्ण हुने भएकाले कर्मचारीको सामाजिक सुरक्षा सुनिश्चित गर्नु उपमहानगरको दायित्व भएको बताइन् । उनले स्वास्थ्य संवेदनशीलतालाई ध्यान दिदै सुरक्षाका उपाय अपनाएर मात्रै कार्यमा खटिन सफाई कर्मचारीलाई सुझाव दिइन् ।




फोहोरमैला व्यवस्थापन संघका सल्लाहकार प्राध्यापक डा. आशिष खनालले सफाईक्षेत्रमा कार्यरत कर्मचारीलाई शतप्रतिशत सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको पहिलोपटक भएको बताएका छन् । उनले देशभर करिब ७० भन्दा बढी संस्था यसक्षेत्रमा सक्रिय भएपनि सम्पूर्ण कर्मचारीलाई एकैपटक कोषमा आवद्ध गराइएको यो पहिलो भएको दाबी गरे । उनले फोहोर मैला व्यवस्थापन ऐन संशोधन गरी केन्द्र, प्रदेश र स्थानीय तहको अधिकार स्पष्ट पार्नुपर्ने आवश्यकता औंल्याए ।

ग्रीन एण्ड क्लिन सिटी सर्भिस प्रालिका अध्यक्ष नवराज खतिवडाले सामाजिक सुरक्षा कोषमा आवद्धताले कर्मचारीको जीवनस्तर उकास्न महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गरे । उनले स्वास्थ्य र सुरक्षालाई प्राथमिकता दिएर आगामी दिनमा निःशुल्क स्वास्थ्य बीमा गर्ने तयारी भइरहेको जानकारी दिए । हेटौंडाको फोहोर व्यवस्थापनलाई अझ व्यवस्थित बनाउन भैरवडाँडामा २१ कठ्ठा जग्गा भाडामा लिएर कम्पोष्ट प्लान्ट सञ्चालनको तयारी गरिनुका साथै हेटौंडा-१ चौकीटोलमा वेस्ट डेमो सेन्टर निर्माण गर्न ५ कठ्ठा जमिन भाडामा लिइएको जानकारी दिए ।

प्रालिले २०६२ सालदेखि नै उपमहानगरपालिकासँगको साझेदारीमा काम गर्दै आएको छ । २०७२ सालमा हेटौंडालाई नेपालकै पहिलो स्वच्छ सहर घोषणा गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । हाल १३ वटा सवारी साधनमार्फत् फोहोर संकलन गर्दै आएको कम्पनीले स्रोतमै वर्गीकरणको अभ्यासलाई निरन्तरता दिइरहेको छ । वडा नं. १० का अध्यक्ष, वन तथा वातावरण संरक्षण समितिका संयोजक फुर्वादोर्जे लामा, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, उपमहानगर पालिका वन तथा वातावरण शाखाप्रमुख हिमप्रसाद पौडेल, शाखा इन्जिनियर चन्दा खड्का, नेपाल ट्रेड युनियन बागमती प्रदेशका उपाध्यक्ष अर्जुन अर्याललगायतको उपस्थिति थियो ।

# 'थाहामा इलाका प्रशासन कार्यालय स्थापना गर्न प्रक्रिया अघि बढ्यो'



साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ नेकपा एमाले थाहानगर कमिटीले मकवानपुरको उत्तरीक्षेत्रका लागि इलाका प्रशासन कार्यालय स्थापनाको गर्न पहल गरेको छ ।

थाहा नगरपालिकामा प्रशासन कार्यालय स्थापना गर्न मकवानपुर क्षेत्र नं. २ का सांसद महेशकुमार बर्तौलालाई ज्ञापनपत्र बुझाउँदै पहल थालेको हो । यसअघि मन्त्रिपरिषद्को बैठकले देशभर २३ इलाका प्रशासन कार्यालय स्थापनाको लागि सिफारिस हुँदा थाहा नगरपालिका नपरेपछि एमालेले आफ्नै ढंगबाट पहल अघि बढाएको एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधानले जानकारी दिए । सांसद बर्तौलालाई बुझाइएको पत्रमा २०७१ बैशाख २५ गते नगरपालिका घोषणा पश्चात् नै कार्यालय स्थापनाको लागि एमाले थाहानगरले निरन्तर पहल गर्दै आएको उल्लेख गरिएको छ ।

देशभर २३ जिल्लामा प्रशासन कार्यालय स्थापना गर्ने निर्णय हुँदा पनि थाहा नगरपालिका पर्न नसक्नु स्थानीय सरकारको सक्रियता र निरन्तर दबाबको अभाव मुख्यकारण रहेको ज्ञापनपत्रमा ठहर गरिएको छ । यसैबीच मकवानपुरको उत्तरी क्षेत्रका नागरिकलाई सेवा पुऱ्याउने गरी थाहा नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापनाको लागि पहल गर्ने सांसद बर्तौलाले प्रतिवद्धता व्यक्त गरेका छन् ।

नागरिकले सहज सेवा लिन पाउनु संघीयताकै मर्म भएकोले पनि इलाका प्रशासन कार्यालय स्थापनामा आफ्नो पहल हुने सांसद बर्तौलाको भनाइ छ । मकवानपुरको उत्तरीक्षेत्रलाई केन्द्रित गरेर इलाका प्रशासन कार्यालय स्थापनाका लागि वि.सं. २०७३ सालदेखि नै पहल भइरहेको छ । यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीले थाहा नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापना गर्न लागि प्रक्रिया अघि बढ्ने बताएका छन् । सांसद् बर्तौलाका अनुसार थाहा नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापनाका लागि गरेको अनुरोधपत्र बुझ्नै प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् ।

'प्रधानमन्त्रीबाट सकारात्मक जवाफ आएको छ' सांसद बर्तौलाले भने-'प्रधानमन्त्रीज्युलाई भेटेर थाहानगरमा इलाका प्रशासन कार्यालय स्थापनाको माग गरेको छु । सम्माननीय प्रधानमन्त्रीज्युले माननीय अर्थमन्त्री र गृहमन्त्रीलाई थाहानगरमा इलाका प्रशासन कार्यालय स्थापना गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन भनिदिनुभएको छ' प्रधानमन्त्री ओलीप्रति आभार व्यक्त गर्दै एमाले प्रमुखसचेतक समेत रहेका बर्तौलाले भने-'आशा गरौ अब थाहानगरमा इलाका प्रशासन कार्यालय स्थापना हुने गरी प्रक्रिया अगाडि बढ्नेछ ।'

सांसद बर्तौलाले बुझाएको अनुरोधपत्रमा मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरलगायत आसपासका अन्य पालिका भीमफेदी, कैलाश र इन्द्रसरोबर गाउँपालिका वासिन्दाले प्रशासनिक सेवा प्राप्त गर्न थाहानगरमा स्थापना हुने इलाका प्रशासन कार्यालयले सहयोग पुग्ने उल्लेख छ । उनले नेपाल सरकारले भर्खरै मात्र देशका विभिन्न जिल्लाका २३ स्थानमा सरकारी प्रशासनिक सेवा सहज तथा छिटोछरितो ढंगले प्रवाह गर्ने उद्देश्यका साथ इलाका प्रशासन कार्यालय स्थापना गर्ने प्रक्रिया अगाडि बढाएकोमा आभार व्यक्त गरेका छन् ।

# हेटौंडामा पहिलो संस्करणको गोरखा ब्वाइज फुटबल प्रतियोगिता हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ हेटौंडामा पहिलो संस्करणको गोरखा ब्वाइज कप '७ ए' साइट नकआउट फुटबल प्रतियोगिता हुने भएको छ ।

गोरखाब्वाइज क्लबको आयोजनामा हेटौंडा-४, स्थित श्रमिक माध्यमिक विद्यालयको खेलमैदानमा यही भदौ ३० गतेबाट प्रतियोगिता हुने भएको हो । प्रतियोगितामा सहभागी हुन लागि ५ हजार रुपैयाँ दर्ताशुल्क लाग्ने प्रतियोगिता संयोजक संजीव देउलाले जानकारी दिए । मकवानपुरभरिका टिमले मात्र प्रतियोगितामा सहभागिता जनाउन पाउने संयोजक देउलाले बताए । प्रतियोगितामा १६ वटा टिमको सहभागिता रहने अनुमान गरिएको उनले बताए । जिल्लामा खेलाडीको उत्पादन गर्न, खेलाडीको क्षमता अभिवृद्धि गर्न, खेलको महत्वबारे बुझाउन र एकअर्काबीच भातृत्व कायम गराउन प्रतियोगिता गर्न लागेको उनले जानकारी दिए ।

उनकाअनुसार प्रतियोगिताको खेलतालिका भदौ २९ गते साँझसम्म सार्वजानिक गरिनेछ । प्रतियोगिताको लागि विभिन्न निकायबाट सहयोग प्राप्त भइरहेको उनले बताए । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याच, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिडर र उत्कृष्ट खेलाडीले पनि पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिता सम्पन्न गर्नका लागि २ लाख रुपैयाँको बजेट खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# नेपालमा अब १८ देखि ३५ वर्षकालाई युवा भनिने

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/अब नेपालमा १८ देखि ३५ वर्ष उमेर समूहकालाई 'युवा' भनिने भएको छ । मन्त्रिपरिषद् बैठकबाट हालै स्वीकृत राष्ट्रिय युवानीति-२०८२ मा नेपाली युवाको उमेर १८-३५ वर्ष कायम भएकाले अब सोही समूहकालाई 'युवा' भनिने छ ।

यसअघि क्रियाशील रहेको राष्ट्रिय युवानीति-२०७२ मा युवाको उमेर समूह १६-४० वर्ष थियो । परिमार्जित राष्ट्रिय युवानीतिमा भनिएको छ, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल हुनेगरी नेपालको सन्दर्भमा १८ देखि ३५ वर्षको उमेर समूहको जनसंख्यालाई युवा मानिनेछ ।' राष्ट्रिय युवा परिषद्का कार्यकारीउपाध्यक्ष सुरेन्द्र बस्नेतले भने 'राष्ट्रिय रुपमा बालबालिका ऐनले १८ वर्ष सम्मकालाई बालबालिका मानेको र अन्तर्राष्ट्रिय परिवेशलाई समेत मध्यनजर गरेर युवाको नयाँ परिभाषा गरिएको हो ।' युवानीति २०८२ ले युवालाई सक्षम र जिम्मेवार बनाई राष्ट्र निर्माणमा युवाको सार्थक सहभागिता र भूमिका बढाउने विषयलाई मुख्य ध्येय बनाएको छ ।

युवाको सर्वाङ्गीण विकास गर्नु, राज्यको विकासमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु र राष्ट्रभाव भएको सदाचारी एवम् सुसंस्कृत युवा तयार गरी समुन्नत राष्ट्र निर्माणमा योगदान गर्नुलाई मुख्य लक्ष्य किटान गरेको छ । नयाँ




युवानीतिले 'स्वस्थ, शिक्षित, सकारात्मक सोचयुक्त, नैतिकवान्, उद्यमशील, सिर्जनशील, कर्तव्य तथा दायित्वप्रति निष्ठावान् र अधिकारप्रति सचेत युवाशक्तिको विकास, संरक्षण र परिचालन गर्न' जोड दिएको छ । यसैगरी युवानीतिमा भनिएको छ, 'अनुसन्धान, अन्वेषण र प्रविधिमा युवाको समावेशी सहभागिता, सहज पहुँच, उच्चतम उपयोग र साइबर सुरक्षा सुनिश्चित गरी प्रविधिमैत्री राष्ट्र निर्माण गरिनेछ ।'

'राष्ट्रको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा दीगो विकासमा युवा परिचालनको सुनिश्चितता गर्न एवम् राष्ट्रियताको भावना जागृत गराउँदै समाजरुपान्तरण र राष्ट्र निर्माणमा युवाको नेतृत्वदायी भूमिका बढाउन' युवानीतिमा जोड दिइएको छ । युवालाई आत्मनिर्भर र स्वरोजगार बनाउन नयाँ युवानीतिमा स्टार्टअप, व्यवसाय सम्बर्द्धन केन्द्र, एकलबिन्दु सेवाकेन्द्र, करिअर काउन्सिलिङ जस्ता कार्यक्रममा जोड दिइएको राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष बस्नेतले जानकारी दिए ।

युवामा रहेको ज्ञान, सीप र पुँजीलाई उपयोग गर्ने प्रोत्साहन मूलक कार्यक्रम, प्राविधिक ज्ञान एवम् सीपमूलक तालिम, विभिन्न व्यवसाय तथा व्यापारका क्षेत्रमा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । विभिन क्षेत्रमा रोजगारी र स्वरोजगारीका कार्यक्रम, परम्परागत सीपको आधुनिकीकरण, परिमार्जन, हस्तान्तरण, हरितकृषि रोजगार कार्यक्रम र सीपमूलक एवम् व्यावसायिक तालिम, अवसर तथा पुरस्कार सहितका उद्यमशीलता प्रतियोगिता सञ्चालन गर्ने बारे पनि युवानीतिमा समेटिएको छ ।

व्यावसायिक सुरक्षाको प्रत्याभूति, व्यावसायिक बीमा, सहुलियतपूर्ण कर्जा र करछुट तथा उत्पादनको बजारीकरणमार्फत् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी मानवपुँजी निर्माणमा यस नीतिले सहयोग पुग्ने विश्वास छ ।

# सहिद बासुदेब मार्ग सडक निर्माण गरिदै

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ मकवानपुरगढी गाउँपालिका-६ को डुम्रेकुनासिरानदेखि सरमपुरसम्म जोड्ने सहिद बासुदेब मार्ग सडक खण्डमा निर्माणकार्य सुरुहुने भएको छ ।

करिब ३ करोड रुपैयाँ लागतमा स्लाव ढलान, नाला र वालनिर्माण गर्न सडक डिभिजन कार्यालय हेटौंडाले ठेक्का आवहान गरेको हो । सडक निर्माणका लागि आवश्यक बजेट संघीय सरकारबाट मकवानपुर क्षेत्र नम्बर २ का सांसद तथा एमालेका मुख्यसचेतक महेश बर्तौलाको पहलमा विनियोजन भएको हो । सांसद बर्तौलाले स्थानीयको लामो समयदेखि रहेको मागअनुसार सडक स्तरोन्नति गर्न बजेट ल्याइएको बताएका छन् ।

स्थानीयवासीले सडक स्तरोन्नतिसँगै आवागमन सहज हुने, कृषिउत्पादन बजारसम्म पुऱ्याउन सुगमता हुने र गाउँको समग्र विकासमा टेवा पुग्ने अपेक्षा रहेको मकवानपुरगढी गाउँपालिका निवर्तमान अध्यक्ष विदुर हुमागाँईले बताए ।

# कैलाशमा १६ जना क्षयरोगका विरामी




साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ मकवानपुरको कैलाश गाउँपालिकामा १६ जना क्षयरोगका विरामीले नियमित औषधिसेवन गरिरहेका छन् ।

विहीबार क्षयरोग सम्बन्धी वार्षिक समीक्षा कार्यक्रममा यो तथ्यांक सार्वजनिक गरिएको हो । आर्थिक वर्ष २०८१/८२ मा कैलाशका विभिन्न वडामा १६ जना क्षयरोगका विरामी रहेको र उनीहरुले स्वास्थ्य संस्थाबाट नियमित औषधिसेवन गरिरहेको स्वास्थ्यशाखा प्रमुख तिलकप्रसाद गौतमले बताए ।

'कैलाशको वडा नम्बर ३ मा ९ जना, वडा नम्बर ८ मा २ जना वडा ९ मा ४ जना र वडा ५ मा १ जना गरी १६ जनामा क्षयरोग विरामी रहेको गौतमले बताए । उनीहरुको उपचार र औषधिसेवन गरिरहेका छन्, र अझै धेरै परीक्षण गरिनुपर्छ,' गौतमले भने ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले पालिकामा रहेका दुईवटै ल्यावलाई भरपुर प्रयोग गर्दै क्षयरोग परीक्षणलाई वृद्धि गर्नुपर्ने बताए । संक्रमित विरामीको औषधिसेवनमा ध्यान दिन स्वास्थ्यकर्मीलाई आग्रह गर्दै क्षयरोग परीक्षणको शिविर सञ्चालनको तयारी गर्न निर्देशन दिएका छन् । राज्यको शिक्षा र स्वास्थ्यक्षेत्रको सूचक मुख्य मेरुदण्ड हो । त्यसलाई ध्यानमा राखेर काम गरिनुपर्ने बताए । वित्तीय समानीकरणको अनुदान रकम वृद्धिमा यही क्षेत्रका सूचकको महत्वपूर्ण भूमिका रहने अध्यक्ष मुक्तानले बताए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा कंडेलले डाटावेसमा वडातहका स्वास्थ्यचौकी कमजोरी रहेकाले त्यसतर्फ ध्यान दिन आग्रह गरेका थिए । 'विरामीप्रति लगाव राख्दै नागरिकलाई दिने सेवामा कमी नआउनु उनले निर्देशन दिएका छन् । क्षयरोगको परीक्षण संख्या कम भयो, यसको दायरा बढाउनुपर्छ,' कंडेलले भने । लाजका कारण क्षयरोग परीक्षणमा नागरिक नआउने प्रमुख गौतमले बताए ।

विरामी स्वास्थ्यसंस्थामा नआउनु र अन्य स्थानमा परीक्षण गरेता पनि संस्थामा रिर्पोट नहुनुले लुकेको टिबी पत्ता लगाउन समस्या रहेको उनले बताए । कार्यक्रममा जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रतिनिधि कान्ज्यकुमार चौधरी र सुजन थापा, पालिकाभित्रका स्वास्थ्यचौकीका ईन्चार्जलगायतको सहभागिता रहेको थियो ।

## बागमतीका मुख्यमन्त्री बानियाँको प्रमुख राजनीतिक सल्लाहकारमा लामा नियुक्त

# प्रदेश प्रवक्ताको जिम्मेवारी तामाङलाई

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफ्नो प्रमुख राजनीतिक सल्लाहकारमा बुद्ध लामालाई नियुक्त गरेका छन् ।

बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले कांग्रेस मकवानपुरका सभापतिसमेत रहेका लामालाई प्रमुख राजनीतिक सल्लाहकारमा नियुक्त गरेको हो । त्यसैगरी बैठकले प्रवक्ताको जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङलाई प्रदान गरेको छ । यसअघि प्रवक्ताको जिम्मेवारीमा खानेपानी, उर्जा तथा सिंचाई मन्त्री कृष्णकुमार तामाङ रहेका थिए । बैठकले जिल्ला समन्वय समिति सहयोग कार्यक्रमअन्तर्गत १३ जिल्लाका जिल्ला समन्वय समितिलाई ४०-४० लाख रुपैयाँका दरले आर्थिक सहायता उपलब्ध गराउने बजेट अख्तियारी दिने निर्णय गरेको छ ।



यसैगरी भरतपुर महानगरपालिका र अस्ट्रेलियाको मेरिबीच सिटी काउन्सिलबीच भगिनी सम्बन्ध कायम गर्न परामर्श गर्न आवश्यक स्वीकृति दिने निर्णय गरेको प्रवक्ता तामाङले जानकारी दिए । मन्त्रिपरिषद्को बैठकले प्रदेशका विभिन्न मन्त्रालयमा छ जना सचिवलाई पदस्थापन गर्ने निर्णय गरेको छ । निर्णयअनुसार ईश्वर चन्द्र मरा भौतिक पूर्वाधार विकास मन्त्रालयमा, इन्द्रदेव भट्ट ऊर्जा, खानेपानी तथा सिँचाइ मन्त्रालयमा, बलराम ढकाल श्रम तथा यातायात मन्त्रालयमा, झलकराम अधिकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा, इन्द्रदेव भारती युवा तथा खेलकुद मन्त्रालयमा र पूर्णबहादुर दर्जी सामाजिक विकास मन्त्रालयमा सचिवमा पदस्थापित भएका छन् ।

त्यस्तै बैठकले करार र अस्थायी कर्मचारीलाई यसअघि उपलब्ध गराउँदै आएको २ हजार महँगी भत्तामा वृद्धि गरी ५ हजार उपलब्ध गराउने भएको छ । चालु आर्थिक वर्षका लागि मन्त्रालयहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय पनि गरेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना